# गा.वि.स. को सङ्क्षिप्त परिचय

# परिच्छेद - १
# गा.वि.स. को सङ्क्षिप्त परिचय

## १.१ ऐतिहासिक पृष्टभूमि :

चाँगुनारायण गा.वि.स.को नामाकरण उपत्यकाको सबैभन्दा पुरानो प्यागोडा शैलीको चाँगुनारायण मन्दिरको नामबाट रहन गएको हो । हालको चाँगुनारायण क्षेत्र परापूर्वकालमा घना जङ्गलको रुपमा रहेको चम्पाकारण्य वन अर्थात चाँपको वन थियो । नेपाल भाषामा चाँपलाई “च” र वनलाई “गु” भनिन्छ । यही शब्द अपभ्रंस भई चाँगुनारायण रहन गएको हो भन्ने भनाई छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर राजा हरिदत्त बर्माले इ.सं. ३२३ मा बनाएका हुन् भन्ने भनाई छ । कान्तिपुरका राजा भुपालेन्द्र मल्लले नेपाल सम्बत् १८१४ मा त्यस मन्दिरको जिर्णोद्धार गराएका थिए । राजा मानदेवले गरूडध्वजा चढाएका र गुठीकोलागि खेत दान दिएको उल्लेख वि.स. ५२१ को अभिलेखमा पाइएको छ ।

यस चाँगुनारायण परिसर भित्र छिन्नमस्ता माई, किलेश्वर महादेवको मन्दिर गरुड नारायण विश्वस्वरुपा आदि देवदेवीका मुर्तीहरु छन् । यहाँ नागपञ्चमी, तीज, कृष्णाष्टमी, कुष्माण्ड नवमी, हरिबोधनी एकादशी र माघशुक्ल द्वादशीमा मेला लाग्दछ । यी दिनहरुमा टाढा टाढाका मानिसहरुको ठूलो भीड लाग्दछ । बैशाख कृष्ण औंसीमा मुख्य जात्रा, श्रावण द्वादशी तथा पौष पूर्णिमामा कलश यात्रा, फागूपूर्णिमामा वंशगोपाल रथ यात्रा गर्ने चलन छ । उक्त रथलाई विश्वकै सबभन्दा सानो रथ मानिन्छ । जसको उचाई ८ फीट मात्र छ । चैत्र पूर्णिमामा लक्ष्मीनारायण जात्रा हुन्छ । प्रत्येक बुधवार खीरको भोज लगाइन्छ । यही खीरबाट यहाँका र वरपरका बासिन्दाहरुले बच्चालाई भात खुवाउने प्रचलन छ । बैशाखमा ध्वजा चढाउने, आषाढ शुक्ल अष्टमीमा चाँपको फूल चढाउने र द्वादशीमा धागो चढाउने गरिन्छ । कार्तिक शुक्ल द्वादशीमा अखण्ड दीप बाल्ने मार्ग शुक्ल महास्नान, माघ १ गते नारायणलाई घ्यूले छोप्ने र माघ शुक्ल दशमीमा माघेध्वजा पर्व मनाइन्छ । दशैं पर्व लगायतका १४ वटा पर्व पूजा गरिन्छ । शुक्ल पक्षको द्वादशी बुधवार परेको दिन चाँगुनारायणलाई भारतको बद्रीनारायणको रुपमा पूजा गरिन्छ ।

चाँगुनारायण गा.वि.स.मा ऐतिहासिक, धार्मिक, पर्यटकीय, सांस्कृतिक र भौगोलिक महत्वका स्थलहरू भएकोले स्वदेशी तथा विदेशीहरू भ्रमण, पदयात्रा, पूजा आराधना, दृष्यावलोकन र वनभोजका लागि यहाँ आउने गर्दछन्।

चाँगुनारायण मन्दिर समुद्र सतहबाट करिब १५४१ मीटर उचाईमा रहेको छ । यस मन्दिरबाट पूर्वमा नगरकोट, पश्चिममा थानकोट, उत्तरमा शिवपुरी र दक्षिणमा फुल्चोकी डाडाँ एवम् काठमाडौं उपत्यकाको प्रायः सम्पूर्ण भागको मनोरम दृष्यावलोकन गर्न सकिन्छ । यसरी चाँगुनारायण मन्दिरको ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय विशिष्टता अत्यन्त महत्वपूर्ण रहेकोले यस गा.वि.स. नामाकरण यसै मन्दिरको नामबाट गरिएको छ ।

## १.२ भौगोलिक अवस्थिति :

भक्तपुर जिल्लाको उत्तरमा अवस्थित चाँगुनारायण गा.वि.स.को कुल क्षेत्रफल ६.१० वर्ग कि.मि. छ । गा.वि.स.को पूर्वमा छालिङ गा.वि.स., पश्चिममा काठमाण्डौ जिल्लाको मुलपानी गा.वि.स., उत्तरमा काठमण्डौ जिल्लाको डाँछी र इन्द्रायणी गा.वि.स. र दक्षिणमा भक्तपुर जिल्लाको भौखेल र दुवाकोट गा.वि.स. पर्दछ । यस गा.वि.स. भित्र पहाडी र उपत्यका क्षेत्र रहेका छन् । मुख्य पर्वतको रुपमा चाँगु र प्रमुख नदीको रुपमा मनोहरा र भुई खहरे रहेका छन् ।

## १.३ हावापानी :

यस गा.वि.स.को औसत तापक्रम २० देखि २५ डिग्री सेल्सियस रहेको छ । प्रायः समशितोष्ण हावापानी रहेको यस गा.वि.स.का चैत्र महिना देखि असोज महिनाको प्रारम्भसम्म गर्मी र असोज देखि फाल्गुणसम्म धेरै जाडो हुने गर्दछ ।

## १.४ वन जङ्गल तथा वन्य जन्तु :

यस गा.वि.स.का प्रायः जङ्गल पतझर प्रकृतिका छन् । यस गा.वि.स.मा सल्लो, चिलाउने, उत्तिस र मौवा आदि प्रजातिका वनस्पति पाइन्छन् । त्यस्तै मृग, स्याल, □याउरो, दुम्सी आदि वन्यजन्तुहरु यस गा.वि.स.का जङ्गलमा पाइन्छन् ।

## १.५ प्रमुख जात्राहरु :

यस गा.वि.स.मा लाग्ने विभिन्न जात्रा तथा मेलाहरु मध्ये नाग पञ्चमी, तीज, कृष्णाष्टमी, कुष्माण्ड नवमी, हरिबोधनी एकादशी, माघशुक्ल द्वादशी आदि प्रमुख जात्राहरुको रुपमा रहेका छन् ।

## १.६ प्रमुख चाडहरु :

यस गा.वि.स.मा मनाइने प्रमुख चाडपर्वहरुमा दशैं, तिहार, सिटी नखः, घण्टाकर्ण, हरिबोधनी एकादशी, गाईजात्रा आदि रहेका छन् ।

## १.७ प्रमुख नाचगानहरु :

यस गा.वि.स.का प्रमुख नाचगानहरुमा राधिका नाच र नवदुर्गा नाच रहेका छन् ।

## १.८ भेषभुषा :

यस गा.वि.स. मा परम्परागत पोशाकको रुपमा ब्राम्हण, क्षेत्री र दलित समुदायका महिलाहरुले चौबन्दी चोलो, फरिया, खास्टो लगाउँछन् भने नेवारी महिलाहरुले हाकुपटासी लगाएतका मौलिक पहिरनहरु लगाउने गर्दछन् । त्यसै गरी पुरुषहरुले दौरासुरुवाल, इस्टकोट र भादगाउँले टोपी लगाउँने गर्दछन् । शहरीकरण र आधुनिकिकरणका कारण अहिलेका नयाँ पुस्ताका युवा युवतीहरु कुर्था सरवाल, प्यान्ट र टिसर्ट लगाउँछन् भने युवकहरु प्यान्ट, सर्ट, सुट लगायत जिन्सको पहिरनहरुको प्रयोग गर्ने गर्दछन् ।

## १.९ जाति र धर्म :

यस गा.वि.स.मा नेवार र तामाङ जातिको बाहुल्यता रहेका छ । त्यस्तै ब्राहमण, क्षेत्री र दलितहरु पनि यस गा.वि.स.मा रहेका छन् । यहाँका बासिन्दाहरुमा ८५.८१ □ हिन्दू, १३.५२ □ बौद्ध र ०.५७ □ अन्य धर्म मान्दछन्।

## १.१० भाषा :

यस गा.वि.स.मा रहेका बासिन्दाहरु मध्ये ६५.५४ □ नेपाली, २०.७५ □ नेवारी र १३.७१ □ तामाङ भाषा मातृ भाषाका रुपमा बोल्दछन् । यस गा.वि.स. सबै जाति र जनजातिहरु सम्पर्क भाषाको रुपमा नेपाली भाषा बोल्दछन्।

## १.११ मुख्य धार्मिक स्थल तथा पर्वहरु

| धार्मिक स्थलको नाम | मेला लाग्ने/पूजा हुने समय | विशेषता वा प्रसिद्धिको कारण |
|---|---|---|
| चाँगुनारायण मन्दिर क्षेत्र | दैनिक, हरिवोधनी एकादशी, कृष्णाअष्टमी, नागपञ्चमी | चाँगुनारायणको मेला, कृष्णको जन्मदिन, जनै फेर्ने र नयाँ वाली चढाउने, चाँगुनारायणका मूर्ति स्वरुप कलशलाई राजदरवार लाने, चाँगुनारायण जात्रा । |
| चाँगु परिसर | फाल्गुण शुल्क पूर्णिमाका दिन वंश गोपाल रथ यात्रा | पाङ्ग्रा भएको रथमा कृष्ण राखी जात्रा गरिने । |
| चाँगु सा□दह | माघ शुल्क द्वादशीका दिन सालीनदीमा माघेव्रत वस्ने व्रतालुहरु आई नुहाई व्रत वस्ने | स्वास्थानी व्रतालुहरु माघमा चाँगु-शंखदहमा स्नान गरी व्रत वस्ने । |

# जनसाङ्ख्यिक स्थिति

# परिच्छेद - २
# जनसाङ्ख्यिक स्थिति

## २.१ जनसङ्ख्याको अवस्था

चाँगुनारायण गा.वि.स. को कुल जनसङ्ख्या ६,७६६ मध्ये महिला ३,३८२ र पुरुष ३,३८४ रहेको छ । जसमा महिलाको प्रतिशत ४९.९९ र पुरुषको प्रतिशत ५०.०१ रहेको छ । राष्ट्रिय जनगणना २०५८को अनुसार यस गा.वि.स.मा ५८५८ जनसङ्ख्या भएकोमा २०६२ घरधुरी सर्वेक्षण अनुसार जनसङ्ख्या वृद्धिदर ३.१ प्रतिशत देखिन्छ । जनसङ्ख्याको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ः

### २.१.१ गा.वि.स.को कुल जनसङ्ख्या

| लिङ्ग | कुल जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | 3382 | 49.99 |
| पुरुष | 3384 | 50.01 |
| जम्मा | 6766 | 100 |



## २.१.२ वडागत जनसङ्ख्याको स्थिति

| वडा नं. | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| **1** | **356** | **338** | **694** | **10.26** |
| **2** | **285** | **331** | **616** | **9.10** |
| **3** | **389** | **401** | **790** | **11.68** |
| **4** | **464** | **459** | **923** | **13.64** |
| **5** | **511** | **479** | **990** | **14.63** |
| **6** | **225** | **217** | **442** | **6.53** |
| **7** | **483** | **485** | **968** | **14.31** |
| **8** | **302** | **320** | **622** | **9.19** |
| **9** | **367** | **354** | **721** | **10.66** |
| **कुल जम्मा** | **3,382** | **3,384** | **6,766** | **100** |

यस गा.वि.स. का ९ वडाहरु मध्ये सबै भन्दा बढी जनसङ्ख्या वडा नं ५ मा १४.६३ प्रतिशत रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या वडा नं. ८ मा ६.५३ रहेको छ ।

## २.१.३ उमेरको आधारमा वडागत जनसङ्ख्या विवरण

| वडा | उमेर (वर्ष) / लिङ्ग | ५ भन्दा मुनि | ६-१५ | १६-४४ | ४५-५९ | ६०-७५ | ७५ भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | महिला | 31 | 74 | 178 | 46 | 20 | 5 | 354 |
| | पुरुष | 22 | 76 | 169 | 44 | 22 | 7 | 340 |
| | जम्मा | ***53*** | ***150*** | ***347*** | ***90*** | ***42*** | ***12*** | ***694*** |
| २ | महिला | 24 | 63 | 160 | 36 | 11 | 5 | 299 |
| | पुरुष | 20 | 94 | 147 | 38 | 12 | 6 | 317 |
| | जम्मा | ***44*** | ***157*** | ***307*** | ***74*** | ***23*** | ***11*** | ***616*** |
| ३ | महिला | 27 | 81 | 201 | 51 | 22 | 7 | 389 |
| | पुरुष | 32 | 79 | 209 | 54 | 18 | 9 | 401 |
| | जम्मा | ***59*** | ***160*** | ***410*** | ***105*** | ***40*** | ***16*** | ***790*** |
| ४ | महिला | 63 | 90 | 261 | 48 | 19 | 7 | 488 |
| | पुरुष | 43 | 97 | 245 | 38 | 11 | 1 | 435 |
| | जम्मा | ***106*** | ***187*** | ***506*** | ***86*** | ***30*** | ***8*** | ***923*** |
| ५ | महिला | 72 | 147 | 210 | 58 | 29 | 4 | 520 |
| | पुरुष | 39 | 130 | 223 | 59 | 16 | 3 | 470 |
| | जम्मा | ***111*** | ***277*** | ***433*** | ***117*** | ***45*** | ***7*** | ***990*** |
| ६ | महिला | 11 | 50 | 124 | 26 | 15 | 2 | 228 |
| | पुरुष | 17 | 43 | 123 | 11 | 17 | 3 | 214 |
| | जम्मा | ***28*** | ***93*** | ***247*** | ***37*** | ***32*** | ***5*** | ***442*** |
| ७ | महिला | 31 | 85 | 271 | 59 | 28 | 6 | 480 |
| | पुरुष | 37 | 95 | 296 | 37 | 18 | 5 | 488 |
| | जम्मा | ***68*** | ***180*** | ***567*** | ***96*** | ***46*** | ***11*** | ***968*** |

| वडा | उमेर (वर्ष) लिङ्ग | ५ भन्दा मुनि | ६-१५ | १६-४४ | ४५-५९ | ६०-७५ | ७५ भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ८ | महिला | 16 | 49 | 195 | 22 | 12 | 3 | 297 |
| | पुरुष | 26 | 42 | 199 | 33 | 21 | 4 | 325 |
| | जम्मा | ***42*** | ***91*** | ***394*** | ***55*** | ***33*** | ***7*** | ***622*** |
| ९ | महिला | 21 | 63 | 191 | 40 | 18 | 5 | 338 |
| | पुरुष | 29 | 76 | 215 | 42 | 15 | 6 | 383 |
| | जम्मा | ***50*** | ***139*** | ***406*** | ***82*** | ***33*** | ***11*** | ***721*** |
| | कुल जम्मा | ***561*** | ***1434*** | ***3617*** | ***742*** | ***324*** | ***88*** | ***6766*** |

यस गा.वि.स.मा उमेरको आधारमा जनसङ्ख्यालाई हेर्दा सबैभन्दा बढी १६ देखि ४४ वर्षका ३६१७ अर्थात ५३.४६ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम जनसङ्ख्या ७५ वर्षभन्दा माथिका ८८ अर्थात १.३० प्रतिशत रहेको देखिन्छ ।

## २.१.४ वडागत आधारमा घरधुरी विवरण

| वडा नं. | घरधुरी | प्रतिशत |
|---|---|---|
| 1 | 116 | 10.89 |
| 2 | 107 | 10.04 |
| 3 | 124 | 11.64 |
| 4 | 139 | 13.05 |
| 5 | 170 | 15.97 |
| 6 | 69 | 6.48 |
| 7 | 144 | 13.52 |
| 8 | 84 | 7.89 |
| 9 | 112 | 10.52 |
| ***कुल जम्मा*** | ***1065*** | ***100*** |

यस गा.वि.स. का ९ वडाहरु मध्ये सबै भन्दा बढी घरधुरी १५.९७ प्रतिशत वडा नं ५ मा रहेको छ भने सबैभन्दा कम घरधुरी ६.४८ प्रतिशत वडा नं. ६ मा रहेको छ ।

## २.१.५ वस्तीगत आधारमा जनसङ्ख्या विवरण

| वडा | क्र.स. | वस्ती | घरधुरी | लिङ्ग | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| 1 | 1 | इकुटोल | 15 | 66 | 53 | 119 |
| | 2 | गामढोका | 31 | 85 | 82 | 167 |
| | 3 | इन्वहाटोल | 15 | 43 | 37 | 80 |
| | 4 | कोठूगाँउ | 16 | 37 | 38 | 75 |
| | 5 | वलम्पुटोल | 18 | 55 | 53 | 108 |
| | 6 | चाँगुनारायण | 8 | 28 | 32 | 60 |
| | 7 | मगामटोल | 13 | 42 | 43 | 85 |
| | | जम्मा | ***116*** | ***356*** | ***338*** | ***694*** |
| 2 | 1 | हलचाँप | 28 | 110 | 115 | 225 |
| | 2 | कुइकेल गाउँ | 12 | 33 | 64 | 97 |
| | 3 | हिलाफाँट | 10 | 21 | 20 | 41 |
| | 4 | कापाहिटी | 57 | 121 | 132 | 253 |
| | | जम्मा | ***107*** | ***285*** | ***331*** | ***616*** |
| 3 | 1 | टट्गोल | 31 | 102 | 113 | 215 |
| | 2 | चाँपाख्वाल | 35 | 128 | 129 | 257 |
| | 3 | रमाईलो गाँउ | 7 | 21 | 18 | 39 |
| | 4 | हुचिढुङ्गा | 31 | 76 | 79 | 155 |
| | 5 | पौवा | 20 | 62 | 62 | 124 |
| | | जम्मा | ***124*** | ***389*** | ***401*** | ***790*** |
| 4 | 1 | थिङ् टोल | 15 | 58 | 62 | 120 |
| | 2 | लामाटोल | 24 | 85 | 83 | 168 |
| | 3 | बजुटोल | 35 | 124 | 121 | 245 |
| | 4 | जारीगाँउ | 35 | 106 | 104 | 210 |
| | 5 | स्याङ्वो टोल | 30 | 91 | 89 | 180 |
| | | जम्मा | ***139*** | ***464*** | ***459*** | ***923*** |
| 5 | 1 | पौवा | 15 | 30 | 36 | 66 |
| | 2 | दोवाटोटोल | 30 | 68 | 54 | 122 |
| | 3 | मंगलटार | 30 | 106 | 104 | 210 |
| | 4 | गुरुङगाउँ | *20* | 75 | 65 | 140 |
| | 5 | थिङ्टोल | 20 | 46 | 38 | 84 |
| | 6 | नयाँ खोरिया | 30 | 98 | 96 | 194 |
| | 7 | भालाखलक | 25 | 88 | 86 | 174 |
| | | जम्मा | ***170*** | ***511*** | ***479*** | ***990*** |
| 6 | 1 | इन्वाहा टोल | 24 | 79 | 74 | 153 |
| | 2 | साङ्दह | 10 | 36 | 33 | 69 |

| वडा | क्र.स. | वस्ती | घरधुरी | लिङ्ग | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| | 3 | खालीगाउँ | 15 | 46 | 45 | 91 |
| | 4 | सिमलटार | 12 | 37 | 35 | 72 |
| | 5 | डोल्सी | 8 | 27 | 30 | 57 |
| | | **जम्मा** | **69** | **225** | **217** | **442** |
| 7 | 1 | सार्कीगाउँ | 27 | 68 | 67 | 135 |
| | 2 | पोखरेलगाँउ | 25 | 92 | 93 | 185 |
| | 3 | ग्वालदह | 22 | 73 | 72 | 145 |
| | 4 | बुढाथोकीगाउँ | 70 | 250 | 253 | 503 |
| | | **जम्मा** | **144** | **483** | **485** | **968** |
| 8 | 1 | ढुङ्गानागाँउ | 15 | 45 | 46 | 91 |
| | 2 | फुलबारी | 11 | 35 | 32 | 67 |
| | 3 | पोखरेलगाँउ | 13 | 35 | 45 | 80 |
| | 4 | डिही | 12 | 52 | 45 | 97 |
| | 5 | नारायणटार | 25 | 102 | 120 | 222 |
| | 6 | खनालगाउँ | 8 | 33 | 32 | 65 |
| | | **जम्मा** | ***84*** | ***302*** | ***320*** | ***622*** |
| 9 | 1 | साङ्दह | 40 | 114 | 112 | 226 |
| | 2 | भिखाटार | 25 | 91 | 90 | 181 |
| | 3 | भस्मथली | 24 | 74 | 73 | 147 |
| | 4 | गुजोल | 7 | 26 | 24 | 50 |
| | 5 | बेसी | 6 | 22 | 20 | 42 |
| | 6 | गाउँडोल | 10 | 40 | 35 | 75 |
| | | **जम्मा** | **112** | **367** | **354** | **721** |
| | | ***कुल जम्मा*** | ***1,065*** | ***3,382*** | ***3,384*** | ***6,766*** |

## २.१.६ जात अनुसार वडागत घरधुरी विवरण

| जात / वडा | ब्राम्हण | क्षेत्री | जनजाति | | | दलित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | नेवार | तामाङ | अन्य | | |
| १ | 2 | 1 | 112 | 0 | 0 | 1 | ***116*** |
| २ | 23 | 22 | 31 | 1 | 14 | 16 | ***107*** |
| ३ | 49 | 43 | 18 | 3 | 9 | 2 | ***124*** |
| ४ | 0 | 0 | 0 | 139 | 0 | 0 | ***139*** |
| ५ | 3 | 2 | 9 | 124 | 30 | 2 | ***170*** |
| ६ | 22 | 18 | 24 | 0 | 0 | 5 | ***69*** |
| ७ | 18 | 103 | 0 | 0 | 3 | 20 | ***144*** |
| ८ | 57 | 8 | 17 | 0 | 0 | 2 | ***84*** |
| ९ | 32 | 39 | 31 | 2 | 6 | 2 | ***112*** |
| ***कुल जम्मा*** | ***206*** | ***236*** | ***242*** | ***269*** | ***62*** | ***50*** | ***1,065*** |




यस गा.वि.स.मा ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, दलित र अन्य जातिहरुको बसोबास रहेको छ । यी मध्ये सबैभन्दा बढी २५.२६ प्रतिशत तामाङको बसोबास रहेको पाइन्छ भने बाँकी जातिहरुमा २२.७२ प्रतिशत नेवार, २२.१६ प्रतिशत क्षेत्री, १९.३४ प्रतिशत ब्राम्हण, ४.६९ प्रतिशत दलित र ५.८२ प्रतिशत अन्य जातिहरुको बसोबास रहेको पाइन्छ ।

## २.१.७ धर्म अनुसार वडागत घरधुरी विवरण

| धर्म / वडा | हिन्दू | बौद्ध | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | 116 | 0 | 0 | ***116*** |
| २ | 102 | 1 | 4 | ***107*** |
| ३ | 120 | 3 | 1 | ***124*** |
| ४ | 0 | 139 | 0 | ***139*** |
| ५ | 40 | 124 | 6 | ***170*** |
| ६ | 68 | 0 | 1 | ***69*** |
| ७ | 144 | 0 | 0 | ***144*** |
| ८ | 84 | 0 | 0 | ***84*** |
| ९ | 110 | 2 | 0 | ***112*** |
| जम्मा | ***784*** | ***269*** | ***12*** | ***1,065*** |




यस गा.वि.स.मा हिन्दू, बौद्ध र अन्य धर्मावलम्बीहरुको बसोबास रहेको छ । यस मध्ये ८५.८१ प्रतिशत हिन्दू धर्मावलम्बीहरु छन् भने १३.५२ प्रतिशत बौद्ध धर्मावलम्बी र ०.५७ प्रतिशत अन्य धर्मावलम्बीहरु रहेका छन्।

## २.१.८ मुख्य पेसा अनुसार वडागत घर धुरी विवरण

| वडा \ पेसा | कृषि | ब्यापार | सरकारी सेवा | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | 73 | 10 | 14 | 19 | 116 |
| २ | 90 | 1 | 14 | 2 | 107 |
| ३ | 104 | 0 | 13 | 7 | 124 |
| ४ | 133 | 0 | 6 | 0 | 139 |
| ५ | 148 | 1 | 1 | 20 | 170 |
| ६ | 63 | 2 | 4 | 0 | 69 |
| ७ | 138 | 1 | 1 | 4 | 144 |
| ८ | 84 | 0 | 0 | 0 | 84 |
| ९ | 95 | 1 | 5 | 11 | 112 |
| जम्मा | ***928*** | ***16*** | ***58*** | ***63*** | ***1,065*** |

यस गा.वि.स.का बासिन्दाहरु कृषि, ब्यापार सरकारी सेवा र अन्य पेशामा संलग्न छन् । कृषि पेशामा सबैभन्दा बढी ८७.१४ प्रतिशत घरधुरी संलग्न रहेका छन् भने ब्यापारमा १.५० प्रतिशत, सरकारी सेवामा ५.४४ प्रतिशत र अन्य पेशामा ५.९१ प्रतिशत संलग्न रहेका छन् ।

## २.१.९ मातृ भाषा अनुसार वडागत घर धुरी विवरण

| वडा \ मातृ भाषा | नेपाली | नेवारी | तामाङ | जम्मा |
|---|---|---|---|---|
| १ | 5 | 111 | 0 | 116 |
| २ | 75 | 31 | 1 | 107 |
| ३ | 106 | 15 | 3 | 124 |
| ४ | 0 | 0 | 139 | 139 |
| ५ | 168 | 1 | 1 | 170 |
| ६ | 45 | 24 | 0 | 69 |
| ७ | 144 | 0 | 0 | 144 |
| ८ | 67 | 17 | 0 | 84 |
| ९ | 88 | 22 | 2 | 112 |
| जम्मा | ***698*** | ***221*** | ***146*** | ***1,065*** |




यस गा.वि.स.मा रहेका घरधुरीहरु मध्ये ६५.५४ प्रतिशत घरधुरीले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्छन् भने २०.७५ प्रतिशत घरधुरीले नेवारी भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाइन्छ । त्यस्तै १३.७१ प्रतिशत घरधुरीले तामाङ भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाइन्छ ।

## २.१.१० विभिन्न कामको लागि गाउँबाट बाहिर जानेको विवरण

| वडा | उद्देश्य | कहाँ | |
|---|---|---|---|
| | | देश | विदेश |
| १ | रोजगारी | 10 | 4 |
| | ब्यापार | 2 | 0 |
| | अध्ययन | 3 | 1 |
| | **जम्मा** | **15** | **5** |
| २ | रोजगारी | 2 | 4 |
| | ब्यापार | 0 | 0 |
| | अध्ययन | 0 | 0 |
| | ***जम्मा*** | ***2*** | ***4*** |
| ३ | रोजगारी | 16 | 6 |
| | ब्यापार | 5 | 0 |
| | अध्ययन | 2 | 3 |
| | जम्मा | ***23*** | ***9*** |
| ४ | रोजगारी | - | - |
| | ब्यापार | - | - |
| | अध्ययन | - | - |
| | जम्मा | ***-*** | ***-*** |
| ५ | रोजगारी | 0 | 4 |
| | ब्यापार | 0 | 1 |
| | अध्ययन | 0 | 0 |
| | जम्मा | ***0*** | ***5*** |
| ६ | रोजगारी | 1 | 2 |
| | ब्यापार | 0 | 0 |
| | अध्ययन | 0 | 0 |

| वडा | उद्देश्य | कहाँ | |
|---|---|---|---|
| | | देश | विदेश |
| | जम्मा | ***1*** | ***2*** |
| ७ | रोजगारी | 5 | 6 |
| | ब्यापार | 0 | 0 |
| | अध्ययन | 0 | 0 |
| | जम्मा | ***5*** | ***6*** |
| ८ | रोजगारी | 0 | 3 |
| | ब्यापार | 0 | 0 |
| | अध्ययन | 0 | 0 |
| | जम्मा | ***0*** | ***3*** |
| ९ | रोजगारी | - | 2 |
| | ब्यापार | - | - |
| | अध्ययन | - | - |
| | जम्मा | ***-*** | ***-*** |

# कृषि

# परिच्छेद - ३
# कृषि

## ३.१ कृषक समूहको विवरण

| क्र.सं. | कृषक समूहको नाम | वडा नं. | सदस्य संख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | चाँगुनारायण कृषक समूह | 1 | 15 | 0 | 15 |
| २ | महिला जागरण कृषक उत्थान समूह | 2 | 0 | 29 | 29 |
| ३ | सेतीगणेश कृषक समूह | 5 | 25 | 0 | 25 |
| ४ | चापाख्वाल महिला जागरण कृषक समूह | 3 | 0 | 35 | 35 |

## ३.२ मुख्य व्यापारीक केन्दहरुको विवरण

| क्र.सं. | व्यापारीक केन्द्रहरुका नाम | वडा नं. | बस्ती |
|---|---|---|---|
| १ | चाँगु | 1, 6 | वलम्पु, इन्वाहा |

## ३.३ पशुपंक्षीको विवरण

| वडा | पशु | | | | | पंक्षी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गाई/ गोरु | भैंसी/ राँगा | खसी/बाख्रा | अन्य | जम्मा | कुखुरा | हाँस | अन्य | जम्मा |
| १ | 57 | 15 | 138 | 81 | 291 | 1,125 | 94 | 0 | 1,219 |
| २ | 56 | 25 | 192 | 3 | 276 | 4,257 | 1 | 6 | 4,264 |
| ३ | 110 | 20 | 160 | 15 | 305 | 3,600 | 0 | 0 | 3,600 |
| ४ | 65 | 59 | 294 | 19 | 437 | 57 | 0 | 0 | 57 |
| ५ | 109 | 26 | 44 | 0 | 179 | 500 | 0 | 0 | 500 |
| ६ | 57 | 17 | 45 | 2 | 121 | 430 | 15 | 0 | 445 |
| ७ | 76 | 10 | 107 | 15 | 208 | 2,274 | 0 | 0 | 2,274 |
| ८ | 68 | 6 | 35 | 0 | 109 | 4 | 0 | 0 | 4 |
| ९ | 93 | 20 | 92 | 2 | 207 | 39 | 6 | 2 | 47 |
| जम्मा | ***691*** | ***198*** | ***1,107*** | ***137*** | ***2,133*** | ***12,286*** | ***116*** | ***8*** | ***12,410*** |

## ३.४ भू-स्वामित्वको आधारमा घर धुरी विवरण

| जग्गाको विवरण / वडा | भुमिहिन | ३ रोपनी सम्म | ३-१० रोपनी | ११-२० रोपनी | २०-३० रोपनी | ३० रोपनी भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | 13 | 25 | 44 | 30 | 3 | 1 | 116 |
| २ | 3 | 76 | 26 | 2 | 0 | 0 | 107 |
| ३ | 13 | 21 | 76 | 11 | 3 | 0 | 124 |
| ४ | 14 | 59 | 63 | 2 | 1 | 0 | 139 |
| ५ | 37 | 30 | 75 | 28 | 0 | 0 | 170 |
| ६ | 13 | 16 | 30 | 10 | 0 | 0 | 69 |
| ७ | 20 | 24 | 75 | 18 | 6 | 1 | 144 |
| ८ | 12 | 18 | 43 | 10 | 0 | 1 | 84 |
| ९ | 24 | 45 | 42 | 1 | 0 | 0 | 112 |
| **जम्मा** | ***149*** | ***314*** | ***474*** | ***112*** | ***13*** | ***3*** | ***1,065*** |




यस गा.वि.स.मा रहेका घरधुरीहरु मध्ये ३ देखि १० रोपनी जग्गा हुने ४४.५१ प्रतिशत छन् भने ३ रोपनीसम्म हुने २९.४८ प्रतिशत, ११ देखि २० रोपनी जग्गा हुने १०.५२ प्रतिशत, २० देखि ३० रोपनी जग्गा हुने १.२२ प्रतिशत, ३० रोपनी भन्दा माथि जग्गा हुने ०.२८ प्रतिशत छन् । यसै गरी भूमिहिन किसान १३.९९ प्रतिशत रहेका छन् ।

## ३.५ खाद्यान्न आपूर्तीको आधारमा घरधुरी विवरण

| महिना / वडा | ३ भन्दा कम | ३-६ | ७-९ | १०-१२ | १२ भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 14 | 21 | 28 | 37 | 16 | 116 |
| २ | 35 | 31 | 11 | 17 | 13 | 107 |
| ३ | 54 | 34 | 13 | 12 | 11 | 124 |
| ४ | 51 | 32 | 28 | 25 | 3 | 139 |
| ५ | 118 | 33 | 2 | 16 | 1 | 170 |
| ६ | 34 | 7 | 13 | 10 | 5 | 69 |
| ७ | 80 | 31 | 8 | 21 | 4 | 144 |
| ८ | 26 | 29 | 5 | 24 | 0 | 84 |
| ९ | 60 | 37 | 1 | 6 | 8 | 112 |
| जम्मा | *472* | *255* | *109* | *168* | *61* | *1,065* |




यस गा.वि.स.मा रहेका ७१३ घरधुरीहरु मध्ये ५.७३ प्रतिशतले १ वर्षभन्दा बढी खाद्य आपूर्ती गर्न सक्छन् भने १५.७८ प्रतिशत घरधुरीले १० देखि १२ महिना, १०.२३ प्रतिशत घरधुरीले ७ देखि ९ महिना, २३.९४ प्रतिशत घरधुरीले ३ देखि ६ महिना, ४४.३१ प्रतिशत घरधुरीले ३ महिला भन्दा कम खाद्यान्न आपूर्ती गर्न सक्ने अवस्था रहेको देखिन्छ ।

## ३.६ साना समूह र सहकारी संस्थाहरुको विवरण :

| क्र.सं. | साना समूह र सहकारी संस्थाहरुको नाम | वडा नं. | लगानीको अवस्था |
|---|---|---|---|
| १. | चाँगुनारायण बहुउद्देश्यीय सहकारी संस्था | 1 | |

# भौतिक पूर्वाधार

# परिच्छेद - ४
# भौतिक पूर्वाधार

## ४.१ वर्तमान यातायात सुविधा

सडक (कि. मि.) : ६ कि.मि.

## ४.२ बस बिसौनीको विवरण

| क्र.सं. | बस बिसौनीको नाम | वडा नं. | बस्ती |
|---|---|---|---|
| १ | चाँगुपार्क | 6 | चाँगु |
| २ | चाँगु नारायणटार | 8 | नारायणटार |

## ४.३ सवारी साधनको स्थिति

| सवारी साधन / वडा | बस/ट्रक | साना गाडी | मोटरसाइकल | साइकल | अन्य |
|---|---|---|---|---|---|
| १ | 2 | 2 | 10 | 6 | 0 |
| २ | 0 | 0 | 3 | 3 | 0 |
| ३ | 0 | 0 | 8 | 4 | 1 |
| ४ | - | - | - | - | - |
| ५ | 0 | 1 | 1 | 1 | 0 |
| ६ | 0 | 0 | 10 | 3 | 0 |
| ७ | 1 | 1 | 5 | 3 | 0 |
| ८ | 0 | 0 | 11 | 0 | 0 |
| ९ | 1 | 1 | 12 | 1 | 0 |
| जम्मा | *4* | *5* | *60* | *21* | *1* |




## ४.४ सामुदायिक भवनहरुको विवरण

| क्र.सं. | सामुदायिक भवनहरुका नाम | बडा नं. | बस्ती |
|---|---|---|---|
| १ | चाँगुनारायण गा.वि.स.को कार्यालय भवन | 6 | साङ्दह |
| २ | पुरानो गा.वि.स. भवन | 7 | |
| ३ | आइ.सि.ए. भवन | 5 | |
| ४ | चाँगुनारायण प्रा.स्वा.का. | 3 | हुचीढुंगा |

## ४.५ सम्भावित ठूला आयोजनाहरुको विवरण :

| क्र.सं. | सम्भावित ठूला आयोजनाहरुको नाम | बडा नं. | बस्ती |
|---|---|---|---|
| १ | शंखदह (नागदह) पुनः निर्माण | 6 | साङ्दह |
| २ | मुलपानीबाट चाँगु आउने मनोहरा खोलामा पक्की पुल तथा बाटो निर्माण | 9 | बेसीटोल |

## ४.६ खानेपानी उपभोक्ता समूहको विवरण

| क्र.सं. | खानेपानी उपभोक्ता समूहको नाम | बस्तीको नाम | वडा नं. |
|---|---|---|---|
| १. | नयाँ चाँगु खा.पा. उपभोक्ता समिति | बलम्पु | 1 |
| २. | चाँगु, दुवाकोट, भौखेल खा.पा. उपभोक्ता समिति | भौखेल | ४ |

## ४.७ खानेपानी आपूर्तीको आधारमा घरधुरी विवरण

| स्रोत / वडा | कुवा | ढुङ्गेधारा | पाइप धारा | इनार/ट्युवेल | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 7 | 16 | 69 | 0 | 24 | 116 |
| २ | 12 | 37 | 51 | 4 | 3 | 107 |
| ३ | 27 | 89 | 6 | 0 | 2 | 124 |
| ४ | 103 | 5 | 17 | 4 | 10 | 139 |
| ५ | 1 | 60 | 108 | 1 | 0 | 170 |
| ६ | 4 | 27 | 33 | 5 | 0 | 69 |
| ७ | 22 | 65 | 57 | 0 | 0 | 144 |
| ८ | 4 | 7 | 73 | 0 | 0 | 84 |
| ९ | 9 | 22 | 69 | 8 | 4 | 112 |
| जम्मा | ***189*** | ***328*** | ***483*** | ***22*** | ***43*** | ***1,065*** |

यस गा.वि.स.मा पानीको प्रयोगको अवस्था हेर्दा ४५.३५ प्रतिशत घरधुरीमा पाइपधाराबाट खानेपानी वितरण भएको, ३०.८० प्रतिशत घरधुरीमा ढुङ्गेधाराको पानी प्रयोग गरिएको, १७.७५ प्रतिशत घरधुरीमा कुवाको पानी प्रयोग गरिएको २.०६ प्रतिशत घरधुरीमा इनारको पानी प्रयोग गरिएको र ४.०३ प्रतिशत घरधुरीमा स्रोत खुल्न नसकेको देखिन्छ ।

## ४.८ गाउँ विकास समिति क्षेत्रका पानीको स्रोत/नदीनालाहरु

| क्र.सं. | नदीनाला | उद्गम स्थल (वडा नं. सहित) | बाह्रमासे वा मौसमी | वर्तमान उपयोग (सिंचाई वा पानीघाट) |
|---|---|---|---|---|
| १. | मनोहरा | | बाह्रमासे | राजकुलो |
| २. | भुट्टे खहरे | | मौसमी | |

## ४.९ इन्धन प्रयोगको आधारमा घरधुरी विवरण

| स्रोत / वडा | विद्युत | ग्याँस | मट्टितेल | दाउरा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 2 | 10 | 0 | 104 | 0 | 116 |
| २ | 2 | 3 | 3 | 96 | 3 | 107 |
| ३ | 1 | 7 | 0 | 116 | 0 | 124 |
| ४ | 2 | 1 | 1 | 130 | 5 | 139 |
| ५ | 5 | 0 | 164 | 1 | 0 | 170 |
| ६ | 0 | 4 | 0 | 65 | 0 | 69 |
| ७ | 2 | 5 | 0 | 137 | 0 | 144 |

| स्रोत / वडा | विद्युत | ग्याँस | मट्टितेल | दाउरा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ८ | 1 | 21 | 0 | 62 | 0 | 84 |
| ९ | 0 | 1 | 3 | 106 | 2 | 112 |
| जम्मा | ***15*** | ***52*** | ***171*** | ***817*** | ***10*** | ***1,065*** |

यस गा.वि.स.मा रहेका जम्मा १०६५ घरधुरीमध्ये इन्धनको रुपमा सबैभन्दा धेरै ७६.७१ प्रतिशत दाउराको प्रयोग भएको पाइन्छ भने मट्टितेलको प्रयोग १६.०५ प्रतिशत, ग्यासको प्रयोग ४.८९ प्रतिशत, विद्युतको प्रयोग १.४ प्रतिशत र अन्य इन्धनको स्रोतको प्रयोग गर्ने ०.९ प्रतिशत घरधुरी सङ्ख्या यस गा.वि.स.मा रहेको छ । यसरी हेर्दा प्रायशः सबै घरधुरीहरुमा दाउराको प्रयोग अत्याधिक देखिन्छ र विद्युतको प्रयोग नगन्य रुपमा रहेको देखिन्छ ।

## ४.१० सूचना तथा सञ्चार साधनको प्रयोगको स्थिति

| साधन / वडा | रेडियो | टेलिभिजन | टेलिफोन | मोबाइल | कम्प्युटर |
|---|---|---|---|---|---|
| १ | 94 | 81 | 30 | 32 | 2 |
| २ | 99 | 82 | 19 | 14 | 0 |
| ३ | 113 | 108 | 30 | 289 | 2 |
| ४ | 55 | 35 | 5 | 4 | 0 |
| ५ | 155 | 131 | 2 | 1 | 1 |
| ६ | 64 | 62 | 16 | 17 | 2 |
| ७ | 109 | 105 | 18 | 9 | 0 |
| ८ | 80 | 80 | 42 | 43 | 2 |
| ९ | 109 | 97 | 39 | 39 | 3 |
| जम्मा | ***878*** | ***781*** | ***201*** | ***448*** | ***12*** |




माथिको तालिकाबाट यो स्पष्ट हुन्छ की यस गा.वि.स. भित्रका रहेका सूचना तथा सञ्चारका साधनहरु मध्ये सबैभन्दा धेरै प्रयोग रेडियोको र सबैभन्दा कम प्रयोग कम्प्युटरको रहेको देखिन्छ । टेलिभिजनको सङ्ख्या जम्मा ७८१ रहेको छ भने मोबाइलको सङ्ख्या ४४८ रहेको छ ।

## ४.११ घरको छानाको किसिमको आधारमा घरधुरी विवरण

| छानाको अवस्था / वडा | खर/छवाली | जस्तापाता | टायल | ढलान | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 3 | 96 | 5 | 10 | 2 | 116 |
| २ | 5 | 81 | 5 | 8 | 8 | 107 |
| ३ | 28 | 62 | 16 | 18 | 0 | 124 |
| ४ | 41 | 76 | 14 | 8 | 0 | 139 |
| ५ | 34 | 97 | 31 | 4 | 4 | 170 |
| ६ | 0 | 48 | 0 | 21 | 0 | 69 |
| ७ | 13 | 105 | 16 | 8 | 2 | 144 |
| ८ | 3 | 41 | 15 | 25 | 0 | 84 |
| ९ | 6 | 56 | 21 | 27 | 2 | 112 |
| **जम्मा** | ***133*** | ***662*** | ***123*** | ***129*** | ***18*** | ***1,065*** |

यस गा.वि.स.मा रहेका १०६५ घरधुरीहरु मध्ये छानाको अवस्था र किसिमको अध्ययन गर्दा खर/छ्वालीको छाना भएका १२.४९ प्रतिशत, जस्तापाताको छाना भएका घरधुरी ६२.१५ प्रतिशत, टायलको छाना भएको घरधुरी ११.५५ प्रतिशत, ढलान भएका घरधुरी १२.११ प्रतिशत र अन्य छाना भएका घरधुरी १.७ प्रतिशत रहेको छ । अधिकांश घरधुरीहरुमा जस्तापाता छाना प्रयोग भएको पाइन्छ ।

## ४.१२ घरमा बत्तिको प्रमुख स्रोतको आधारमा घरधुरी विवरण

| वडा \ बत्तिको स्रोत | राष्ट्रिय प्रसारण लाईनको बिजुली | मट्टितेल | सोलार | गोवर ग्याँस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 115 | 1 | 0 | 0 | 0 | 116 |
| २ | 103 | 4 | 0 | 0 | 0 | 107 |
| ३ | 109 | 15 | 0 | 0 | 0 | 124 |
| ४ | 135 | 4 | 0 | 0 | 0 | 139 |
| ५ | 165 | 4 | 0 | 1 | 0 | 170 |
| ६ | 68 | 1 | 0 | 0 | 0 | 69 |
| ७ | 140 | 2 | 0 | 0 | 2 | 144 |
| ८ | 82 | 2 | 0 | 0 | 0 | 84 |
| ९ | 108 | 0 | 0 | 0 | 4 | 112 |
| ***जम्मा*** | ***1,025*** | ***33*** | ***0*** | ***1*** | ***6*** | ***1,065*** |

यस गा.वि.स.मा बत्तीको प्रमेख स्रोतको रुपमा राष्ट्रिय प्रसारण लाईनको बिजुली रहेको छ । ९६.२४ प्रतिशत घरधुरीले बत्तीको स्रोतको रुपमा बिजुलीको प्रयोग गरेका छन् भने ३.१ प्रतिशत घरधुरीले मट्टितेलको प्रयोग गरेका छन् । सोलारको प्रयोग गर्ने घरधुरी नभएको देखिन्छ । ०.०९ प्रतिशत अर्थात १ घरधुरीले मात्र बत्तीको स्रौतको रुपमा गोबर ग्यासको प्रयोग गरेको देखिन्छ । यी बाहेक अन्य स्रोतलाई बत्तीको रुपमा प्रयोग गर्ने घरधुरी ०.५६ प्रतिशत रहेको छ ।

# वन, उद्योग र व्यवसाय

# परिच्छेद - ५
# वन, उद्योग र व्यवसाय

## ५.१ होटल/रेष्टुरेन्ट विवरण :

| क्र.सं. | होटल/रेष्टुरेन्टको नाम | ठेगाना |
|---|---|---|
| १. | होलिडे क्याम्प रिसोर्ट | चाँगुनारायण- ३ |

## ५.२ उद्योग धन्दाको विवरण :

| क्र.सं. | उद्योग धन्दाको नाम | बस्तीको नाम | वडा नं. |
|---|---|---|---|
| १. | सूर्य राइस मिल | | 2 |
| २. | भँडेल चामक पिठो उद्योग | | 8 |
| ३. | चम्पक राइस मिल | | 5 |

## ५.३ प्राविधिक तालिमको स्थिति

| वडा | लिङ्ग | कम्प्युटर | सिलाई बुनाइ | प्लम्बिङ | पशु तथा कृषि | अन्य |
|---|---|---|---|---|---|---|
| १ | महिला | 8 | 28 | 4 | 7 | 2 |
| | पुरुष | 18 | 3 | 1 | 5 | 33.0 |
| २ | महिला | 6 | 17 | 1 | 1 | 1 |
| | पुरुष | 11 | 4 | 2 | 2 | 2 |
| ३ | महिला | 12 | 8 | 1 | 7 | 1 |
| | पुरुष | 24 | 3 | 1 | 2 | 4 |
| ४ | महिला | - | - | - | - | - |
| | पुरुष | - | - | - | - | - |
| ५ | महिला | 2 | 1 | 0 | 0 | 0 |
| | पुरुष | 2 | 0 | 0 | 0 | 0 |
| ६ | महिला | 3 | 9 | 0 | 0 | 0 |
| | पुरुष | 7 | 2 | 0 | 1 | 0 |
| ७ | महिला | 0 | 2 | 0 | 2 | 0 |
| | पुरुष | 0 | 2 | 1 | 0 | 0 |
| ८ | महिला | 2 | 1 | 0 | 0 | 0 |
| | पुरुष | 3 | 2 | 0 | 0 | 0 |
| ९ | महिला | 3 | 2 | 2 | 0 | 2 |
| | पुरुष | 16 | 0 | 0 | 0 | 1 |
| जम्मा | | ***117*** | ***84*** | ***13*** | ***27*** | ***46*** |

यस गा.वि.स.को कूल जनसङ्ख्या ६७६६ मध्ये २८७ जना मात्र तालिम प्राप्त जनशक्ति रहेको देखिन्छ । यी जनशक्ति मध्ये कम्प्युटरमा १.७३ प्रतिशत, सिलाइबुनाइमा १.२४ प्रतिशत, प्लम्बिङमा ०.१९ प्रतिशत, पशु तथा कृषिमा ०.४ प्रतिशत र अन्य तालिममा ०.६८ प्रतिशत रहेको देखिन्छ । प्रस्तुत तालिकाबाट यस गा.वि.स.मा तालिम प्राप्त जनशक्ति एकदम न्यून रहेको देखिन्छ ।

## ५.४ सामुदायिक वन उपभोक्ता समिति

| क्र.सं. | सामुदायिक वनको नाम | क्षेत्रफल (हेक्टर) | घरधुरी | अवस्थित ठाउँ |
|---|---|---|---|---|
| १. | चाँगुनारायण सामुदायिक वन | 47 | 209 | चाँगुनारायण - १, ६ र ९ |
| २. | मानेडाँडा | 2.48 | 172 | चाँगुनारायण - ४ |
| ३. | न्याचोपौवा | 2.03 | 247 | चाँगुनारायण - १ र ६ |
| ४ | गंगारानी | 81 | 493 | चाँगुनारायण - ५, छालिङ - १ र ४ |
| | **जम्मा** | ***132.51*** | ***1,121*** | |

# शैक्षिक स्थिति

# परिच्छेद - ६
# शैक्षिक स्थिति

## ६.१ गा.वि.स.को कुल साक्षरताको स्थिति

| | निरक्षर | प्रतिशत | साक्षर | प्रतिशत |
|---|---|---|---|---|
| पुरुष | 446 | 33.56 | 2,324 | 54.97 |
| महिला | 883 | 66.44 | 1,904 | 45.03 |
| जम्मा | 1,329 | 100 | 4,228 | 100 |




यस गा.वि.स.मा पुरुष ५४.९७ प्रतिशत साक्षर छन् भने महिला ४५.०३ प्रतिशत साक्षर छन् । तुलनात्मक रुपमा साक्षर पुरुषभन्दा महिला ९.९४ प्रतिशतले कम रहेको देखिन्छ । निरक्षरताको सङ्ख्या पुरुषमा ३३.५६ प्रतिशत रहेको छ भने महिलामा निरक्षरता ६६.४४ प्रतिशत रहेको छ । तुलनात्मक रुपमा निरक्षर पुरुषभन्दा महिला ३२.८८ प्रतिशतले बढी रहेको देखिन्छ ।

## ६.२ उमेरको आधारमा साक्षरता र निरक्षरताको स्थिति

| वडा | उमेर समूह (वर्ष) | निरक्षर | | | साक्षर | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | एस.एल.सी. भन्दा कम | | | एस.एल.सी. उत्तीर्ण | | | प्रमाण पत्र तह | | | स्नातक | | | स्नातकोत्तर | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| 1 | 6-15 | 4 | 3 | 7 | 69 | 72 | 141 | 1 | 1 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 16-44 | 98 | 46 | 144 | 79 | 121 | 200 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 2 | 3 | 0 | 0 | 0 |
| | 45> | 59 | 29 | 88 | 11 | 41 | 52 | 1 | 0 | 1 | 0 | 1 | 1 | 0 | 2 | 2 | 0 | 0 | 0 |
| | **जम्मा** | ***161*** | ***78*** | ***239*** | ***159*** | ***234*** | ***393*** | ***2*** | ***1*** | ***3*** | ***0*** | ***1*** | ***1*** | ***1*** | ***4*** | ***5*** | ***0*** | ***0*** | ***0*** |
| 2 | 6-15 | 1 | 4 | 5 | 60 | 85 | 145 | 2 | 5 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 16-44 | 92 | 34 | 126 | 51 | 2 | 53 | 5 | 2 | 7 | 3 | 1 | 4 | 1 | 1 | 2 | 0 | 0 | 0 |
| | 45> | 48 | 50 | 98 | 2 | 3 | 5 | 1 | 2 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | **जम्मा** | ***141*** | ***88*** | ***230*** | ***113*** | ***90*** | ***203*** | ***8*** | ***9*** | ***17*** | ***3*** | ***1*** | ***4*** | ***1*** | ***1*** | ***2*** | ***0*** | ***0*** | ***0*** |
| 3 | 6-15 | 6 | 2 | 8 | 70 | 73 | 143 | 1 | 2 | 3 | 1 | 1 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 16-44 | 13 | 2 | 15 | 159 | 173 | 9 | 2 | 4 | 6 | 2 | 2 | 4 | 0 | 1 | 1 | 0 | 1 | 1 |
| | 45> | 60 | 17 | 77 | 20 | 63 | 83 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | **जम्मा** | ***79*** | ***21*** | ***100*** | ***249*** | ***309*** | ***235*** | ***3*** | ***7*** | ***10*** | ***3*** | ***3*** | ***6*** | ***0*** | ***1*** | ***1*** | ***0*** | ***1*** | ***1*** |
| 4 | 6-15 | 21 | 10 | 31 | 66 | 85 | 151 | 3 | 2 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 16-44 | 32 | 37 | 69 | 64 | 56 | 120 | 89 | 74 | 163 | 3 | 4 | 7 | 1 | 3 | 4 | 0 | 0 | 0 |
| | 45> | 70 | 38 | 108 | 3 | 5 | 8 | 1 | 7 | 8 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | **जम्मा** | ***123*** | ***85*** | ***208*** | ***133*** | ***146*** | ***279*** | ***93*** | ***83*** | ***176*** | ***3*** | ***4*** | ***7*** | ***1*** | ***3*** | ***4*** | ***0*** | ***0*** | ***0*** |
| 5 | 6-15 | 7 | 2 | 9 | 89 | 72 | 161 | 51 | 56 | 107 | 0 | 0 | 0 | 0 | 0 | 00 | 0 | 0 | 0 |
| | 16-44 | 3 | 3 | 6 | 89 | 110 | 199 | 118 | 111 | 229 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 45> | 61 | 44 | 105 | 30 | 34 | 64 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | **जम्मा** | ***71*** | ***49*** | ***120*** | ***208*** | ***216*** | ***424*** | ***169*** | ***167*** | ***336*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** |
| 6 | 6-15 | 1 | 1 | 2 | 49 | 42 | 91 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 16-44 | 12 | 2 | 14 | 99 | 104 | 203 | 0 | 2 | 2 | 0 | 3 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 45> | 36 | 3 | 39 | 5 | 28 | 33 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | **जम्मा** | ***49*** | ***6*** | ***55*** | ***153*** | ***174*** | ***327*** | ***0*** | ***2*** | ***2*** | ***0*** | ***3*** | ***3*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** |
| 7 | 6-15 | 4 | 1 | 5 | 81 | 94 | 175 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| वडा | उमेर समूह (वर्ष) | निरक्षर | | | साक्षर | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | एस.एल.सी. भन्दा कम | | | एस.एल.सी. उत्तीर्ण | | | प्रमाण पत्र तह | | | स्नातक | | | स्नातकोत्तर | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| | 16-44 | 4 | 3 | 7 | 171 | 177 | 348 | 14 | 34 | 48 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 45> | 88 | 11 | 99 | 5 | 49 | 54 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | **जम्मा** | ***96*** | ***15*** | ***111*** | ***257*** | ***320*** | ***577*** | ***14*** | ***34*** | ***48*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** |
| 8 | 6-15 | 4 | 1 | 5 | 45 | 41 | 86 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 16-44 | 1 | 2 | 3 | 110 | 110 | 220 | 25 | 30 | 55 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 45> | 5 | 5 | 10 | 32 | 53 | 85 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | **जम्मा** | ***10*** | ***8*** | ***18*** | ***187*** | ***204*** | ***391*** | ***25*** | ***30*** | ***55*** | ***0*** | ***1*** | ***1*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** | ***0*** |
| 9 | 6-15 | 22 | 36 | 48 | 40 | 100 | 140 | 1 | 2 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | 16-44 | 78 | 17 | 95 | 61 | 42 | 103 | 4 | 100 | 104 | 3 | 7 | 10 | 0 | 4 | 4 | 0 | 0 | 0 |
| | 45> | 53 | 43 | 96 | 5 | 10 | 15 | 5 | 8 | 13 | 0 | 2 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | **जम्मा** | ***153*** | ***96*** | ***249*** | ***106*** | ***152*** | ***258*** | ***10*** | ***110*** | ***120*** | ***3*** | ***9*** | ***12*** | ***0*** | ***4*** | ***4*** | ***0*** | ***0*** | ***0*** |

## ६.३ उच्च शिक्षा अध्ययनको स्थिति

| एस.एल.सी. उत्तीर्ण | | | प्रमाण पत्र तह | | | स्नातक | | | स्नातकोत्तर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| 324 | 443 | 767 | 12 | 22 | 34 | 3 | 13 | 16 | 0 | 1 | 1 |




यस गा.वि.स.मा उच्चशिक्षा अध्ययन गर्ने कुल सङ्ख्या ८१८ मध्ये एस.एल.सी. उत्तीर्ण ९३.७६ प्रतिशत, प्रमाणपत्र तह उत्तीर्ण ४.१५ प्रतिशत, स्नातक तह उत्तीर्ण १.९५ प्रतिशत र स्नातकोत्तर उत्तीर्ण ०.१२ प्रतिशत रहेको देखिन्छ ।

## ६.४ शैक्षिक संस्थामा कुल भर्ना सङ्ख्या

| क्र.सं | तह | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | प्राथमिक | 479 | 494 | 973 |
| २ | निम्न माध्यमिक | 117 | 116 | 233 |
| ३ | माध्यमिक | 50 | 39 | 89 |
| ४ | उच्च माध्यमिक | 0 | 0 | 0 |
| | कुल जम्मा | *646* | *649* | *1,295* |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, भक्तपुर, २०६२*

यस गा.वि.स.मा रहेका शैक्षिक संस्थाहरुमा भर्ना सङ्ख्या तुलनात्मक रुपमा प्राथमिक तहमा उच्च रहेको छ भने निम्न माध्यमिक र माध्यमिक तहमा क्रमशः घट्दै गएको छ । कुल भर्ना सङ्ख्यामा छात्र ४९.८८ प्रतिशत र छात्रा ५०.११ प्रतिशत रहेको छ । छात्र र छात्राको भर्ना दरमा ठूलो अन्तर नभएको देखिन्छ ।

## ६.५ प्राथमिक तहको जातिगत भर्ना दर

| छात्र | | | | छात्रा | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| दलित | जनजाति | अन्य | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | |
| 31 | 351 | 97 | 479 | 24 | 360 | 110 | 494 | 973 |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, भक्तपुर, २०६२*




## ६.६ विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | विद्यालय रहेको स्थान | कक्षा देखि | किसिम |
|---|---|---|---|---|
| १. | दोलागिरी मा.वि. | चाँगुनारायण- १, गामढोका | १ - १० | सरकारी |
| २. | न्याचोपौवा प्रा.वि. | चाँगुनारायण- ३, न्याचोपौवा | १ - ५ | सरकारी |
| ३. | श्रीकृष्ण प्रा.वि. | चाँगुनारायण- ४, खोरिया | १ - ५ | सरकारी |
| ४. | बालभक्त प्रा.वि. | चाँगुनारायण- ५, छाप | १ - ४ | सरकारी |
| ५. | चाँगुनारायण प्रा.वि. | चाँगुनारायण- ६, साङदह | १ - ५ | सरकारी |
| ६ | युमाहाङ्मा (सरस्वती) माता इङ्गलिस मा.वि. | चाँगुनारायण- १, | १ - १० | नीजि |
| ७ | चाँगुनारायण इङ्गलिस स्कूल | चाँगुनारायण- १, | | नीजि |

## ६.७ उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्थाहरुको विवरण

| क्र.सं. | उच्च शिक्षा अध्ययन गराउने संस्थाहरुको नाम | वस्तीको नाम | वडा नं. | किसिम |
|---|---|---|---|---|
| १. | नेपाल इन्जिनियरि कलेज | बेसी | 9 | नीजि |

# स्वास्थ्य स्थिति

# परिच्छेद - ७
## स्वास्थ्य स्थिति

यस गा.वि.स.को स्वास्थ्य स्थिति हेर्दा समग्रमा सामान्य देखिन्छ । उपचार विधिको प्रयोग गर्ने प्रवृत्ति देखि लिएर त्यहाँका मानिसमा लाग्ने सामान्य रोगको अवस्था तथा दीर्घ रोगको अवस्था एवम् परिवार नियोजनको साधनको प्रयोग गर्ने सङ्ख्या लगायतका अन्य जनस्वास्थ्यको विवरण तलको तालिकाहरुबाट देखाइएको छ ।

### ७.१ पारिवारिक उपचार विधिको आवृत्ति

| उपचारको विधि / वडा | लामा/धामी/झाँक्री | अस्पताल | घरधुरी |
|---|---|---|---|
| १ | 63 | 98 | 116 |
| २ | 54 | 102 | 107 |
| ३ | 60 | 102 | 124 |
| ४ | 79 | 120 | 139 |
| ५ | 102 | 145 | 170 |
| ६ | 39 | 55 | 69 |
| ७ | 106 | 135 | 144 |
| ८ | 83 | 84 | 84 |
| ९ | 79 | 101 | 112 |
| जम्मा | ***679*** | ***942*** | ***1,065*** |

तलको भेन डायग्राममा प्रस्तुत भए अनुसार गा.वि.स.मा कुल १०६५ घरधुरीहरु मध्ये १२३ घरधुरी उपचारको लागि लामा/थामी/झाँक्री, ३८६ घरधुरी अस्पताल र ५५६ घरधुरी अस्पताल र लामा/धामी/झाँक्री दुवै विधिको प्रयोग गरेको देखिन्छ ।



## ७.२ सामान्य रोगको अवस्था जनसङ्ख्याको आधारमा

| रोग / वडा | रुघाखोकी | निमोनिया | ज्वरो | आँउ/झाडापखाला | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 108 | 18 | 104 | 99 | 5 | 334 |
| २ | 96 | 8 | 91 | 76 | 0 | 271 |
| ३ | 61 | 4 | 63 | 0 | 0 | 128 |
| ४ | 136 | 50 | 136 | 136 | 0 | 458 |
| ५ | 150 | 3 | 151 | 156 | 0 | 460 |
| ६ | 72 | 0 | 63 | 57 | 1 | 193 |
| ७ | 116 | 3 | 17 | 104 | 6 | 246 |
| ८ | 77 | 0 | 77 | 77 | 0 | 231 |
| ९ | 109 | 0 | 55 | 23 | 3 | 190 |
| जम्मा | ***925*** | ***86*** | ***757*** | ***728*** | ***15*** | ***2,511*** |




## ७.३ दीर्घ रोगको अवस्था

| रोग / वडा | मधुमेह | क्यान्सर | क्षयरोग | एड्स | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 1 | 0 | 1 | 0 | 14 | 16 |
| २ | 2 | 0 | 1 | 0 | 2 | 5 |
| ३ | 1 | 0 | 0 | 0 | 0 | 1 |
| ४ | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ५ | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ६ | 0 | 0 | 0 | 0 | 0 | 0 |

| रोग / वडा | मधुमेह | क्यान्सर | क्षयरोग | एड्स | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ७ | 0 | 0 | 0 | 0 | 2 | 2 |
| ८ | 1 | 0 | 0 | 0 | 0 | 1 |
| ९ | 2 | 0 | 0 | 0 | 0 | 2 |
| जम्मा | *7* | *0* | *2* | *0* | *18* | *27* |




## ७.४ परिवार नियोजनको साधन प्रयोगको अवस्था

| प्रयोगको अवस्था / वडा | प्रयोग गर्ने | प्रयोग नगर्ने | जम्मा |
|---|---|---|---|
| १ | 77 | 12 | 89 |
| २ | 75 | 5 | 80 |
| ३ | 26 | 6 | 32 |
| ४ | 69 | 70 | 139 |
| ५ | 30 | 122 | 152 |
| ६ | 34 | 27 | 61 |
| ७ | 38 | 81 | 119 |
| ८ | 5 | 84 | 89 |
| ९ | 110 | 122 | 232 |
| जम्मा | *464* | *529* | *993* |

*नोटः ७२ घरधुरीको उल्लेख नभएको*




## ७.५ स्थायी बन्ध्याकरण गर्नेको अवस्था

| लिङ्ग / वडा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | 80 | 7 | 87 |
| २ | 79 | 10 | 89 |
| ३ | 23 | 10 | 33 |
| ४ | 1 | 0 | 1 |
| ५ | 30 | 3 | 33 |
| ६ | 19 | 6 | 25 |
| ७ | 35 | 3 | 38 |
| ८ | 5 | 0 | 5 |
| ९ | 85 | 26 | 111 |
| जम्मा | ***357*** | ***65*** | ***422*** |

## ७.६ आधारभूत खोपको अवस्था

| खोप / वडा | बि.सि.जी. | डि.पि.टी | पोलियो | दादुरा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 99 | 89 | 87 | 100 | 3 | 378 |
| २ | 88 | 88 | 88 | 88 | 0 | 106 |
| ३ | 1 | 1 | 1 | 3 | 0 | 6 |
| ४ | 88 | 87 | 87 | 87 | 0 | 349 |
| ५ | 123 | 122 | 122 | 122 | 0 | 489 |
| ६ | 64 | 61 | 68 | 63 | 0 | 256 |
| ७ | 107 | 0 | 2 | 107 | 5 | 221 |
| ८ | 83 | 83 | 83 | 83 | 0 | 332 |
| ९ | 56 | 1 | 0 | 46 | 2 | 105 |
| जम्मा | ***709*** | ***532*** | ***538*** | ***699*** | ***10*** | ***2,242*** |




## ७.७ शौचालय प्रयोगको आधारमा घरधुरी विवरण

| शौचालयको अवस्था / वडा | स्थायी | अस्थायी | नभएको | जम्मा |
|---|---|---|---|---|
| १ | 76 | 23 | 17 | 116 |
| २ | 51 | 23 | 33 | 107 |
| ३ | 88 | 24 | 12 | 124 |
| ४ | 127 | 6 | 6 | 139 |
| ५ | 8 | 122 | 40 | 170 |
| ६ | 41 | 19 | 9 | 69 |
| ७ | 33 | 85 | 26 | 144 |
| ८ | 59 | 25 | 0 | 84 |
| ९ | 85 | 21 | 6 | 112 |
| **जम्मा** | ***568*** | ***348*** | ***149*** | ***1,065*** |



# गा.वि.स. को भौतिक अवस्था

# परिच्छेद - ८

## गा.वि.स. को भौतिक अवस्था

### ८.१ गाउँ विकास समितिको आर्थिक स्रोत :

| क्र.सं. | आन्तरिक स्रोतका शीर्षकहरु | प्राप्त हुने रकम | प्राप्त हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | पर्यटक प्रवेश सेवा शुल्क | 6,55,000 | पर्यटन | |
| २. | नेपाल सरकार | 4,85,000 | नेपाल सरकार | |
| ३. | मालपोत | 1,00,000 | | |
| ४. | सिफारिस दस्तुर | 10,000 | | |
| | *जम्मा* | ***12,50,000*** | | |




यस गा.वि.स.को प्रमुख आर्थिक स्रोतको रुपमा पर्यटक सेवा शुल्कलाई लिन सकिन्छ । जसबाट नेपाल सरकारले दिने अनुदान भन्दा बढी आय यस गा.वि.स.ले गरेको देखिन्छ । गा.वि.स.को अन्य आयस्रोतको रुपमा मालपोत र सिफारिस दस्तुर पनि देखिन्छ तर त्यसबाट प्राप्त हुने आय खासै उल्लेख्य रुपमा छैन ।

### ८.२ सेवा केन्द्रहरुको विवरण :

| क्र.सं. | सेवा केन्द्रहरुका नाम | वडा नं. | बस्ती |
|---|---|---|---|
| १ | चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र | ३ | हुचीढुंगा |

## ८.३ गा.वि.स.को २०५४ देखि हालसम्मको आय-व्यय विवरण :

| क्र.सं. | आ.व. | आय | व्यय |
|---|---|---|---|
| १ | ०५४/५५ | ८,७९,४८०।५२ | ८,१०,०६२।०० |
| २ | ०५५/५६ | ८,८४,७१४।२३ | १२,६५,९२९।१२ |
| ३ | ०५६/५७ | २६,७१,००२।४६ | २३,१९,६३९।२० |
| ४ | ०५७/५८ | २४,१६,६५९।५९ | २३,५७,२००।०९ |
| ५ | ०५८/५९ | २२,८४,८५७।९९ | २१,८४,१०२।२२ |
| ६ | ०५९/६० | ९,९८,५९०।१० | ८,९८,५८२।०७ |
| ७ | ०६०/६१ | १५,५२,२१८।१४ | १२,२२,८४१।२२ |
| ८ | ०६१/६२ | २,३९,८१०।८६ | १८,९४,३८५।३९ |



## ८.४ विगत ३ वर्ष देखिको पञ्जिकरणको विवरण :

| क्र.सं. | विवरण | गत ३ वर्ष देखिको पञ्जिकरणको सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ | |
| १. | जन्म दर्ता | 258 | 266 | 299 | |
| २. | मृत्यु दर्ता | 45 | 62 | 66 | |
| ३. | सम्बन्ध बिच्छेद | - | - | - | |
| ४. | बसाईसराई | 3 | 2 | - | |
| ५. | विवाह दर्ता | 106 | 68 | 104 | |




## ८.५ जेष्ठ नागरिक तथा एकल महिलाहरुको विवरण

| क्र.सं. | विवरण | गत ३ वर्षको जेष्ठ नागरिक तथा एकल महिलाहरुको संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ | २०६३ | |
| १. | जेष्ठ नागरिक | 59 | 65 | 59 | 88 | |
| १.१ | महिला | 31 | 35 | 31 | 43 | |
| १.२ | पुरुष | 28 | 30 | 28 | 45 | |
| २. | एकल महिला | 64 | 76 | 85 | - | |




## ८.६ विगत ३ बर्ष देखिको नागरिकता तथा अन्य सिफारिसहरुको विवरण

| क्र.सं. | विवरण | गत ३ वर्षको नागरिकता तथा अन्य सिफारिस हरुको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ | |
| १. | नागरिकता सिफारिस | 348 | 181 | 106 | |

## ८.७ २०४९ साल देखि हालसम्मका जनप्रतिनिधिहरुको विवरण

| जनप्रतिनिधिहरुको नाम | ठेगाना | पद | कार्य काल |
|---|---|---|---|
| जानकीप्रसाद कुइकेल | चाँगुनारायण- २ | अध्यक्ष | 2049-053 |
| गोविन्दलाल श्रेष्ठ | चाँगुनारायण- १ | उपाध्यक्ष | 2049-053 |
| मोहनवीर श्रेष्ठ | चाँगुनारायण- ५ | अध्यक्ष | 2054-058 |
| रमेश बुढाथोकी | चाँगुनारायण- ७ | उपाध्यक्ष | 2054-058 |

## ८.८ महिला/जनजाति/दलितस□ग लक्षित कार्यक्रम

| क्र.सं. | महिला/जनजाति/दलित सँग लक्षित कार्यक्रमको नाम | बस्तीको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १. | चाँगुनारायण सामुदायिक मध्यस्थता समिति | बलम्पु | 1 | |

## ८.९ गैह्र सरकारी संस्थाहरुको विवरण

| क्र.सं. | गैह्र सरकारी संस्थाको नाम | वडा |
|---|---|---|
| १. | चम्पक युवा क्लव | १ |
| २. | मानदेव युवा क्लब | ३ |
| ३. | वल्ड भिजन नेपाल | ३, ४, ५, ६, ७ र ९ |
| ४. | नवज्योति यूवा क्लव | ४ |
| ५. | चापाख्वाल यूवा क्लव | ३ |
| ६. | चुनदेवी यूवा क्लव | ७ |
| ७. | जनजागरण आमा समुह | ७ |
| ८. | चाँगुनारायण नवज्योति समिति | ४ |
| ९. | नेपाल रेडक्रस उपशाखा | चाँगुनारायण गा.वि.स. |
| १०. | महिला विकास कार्यालय | १, २, ४, ७ |
| ११. | चाँगुनारायण सामुदायिक मध्यस्थता समिति | १-९ |
| १२. | मितेरी युवा क्लब | ८ |
| १३. | नवज्योति वाचनालय | ८ |

# सम्भावना र अवसरहरु

# परिच्छेद - ९
## सम्भावना र अवसरहरु
### ९.१ प्रमुख सम्भावना तथा अवसरहरुको विश्लेषण तालिका
#### ९.१.१ आर्थिक विकास

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| १. परम्परागत सीप र प्रविधिको उपयोग | - घरेलु उद्योगको विकास गर्न सकिने | - काठको बुट्टा काट्ने, चिउरा र जुजु धौ (दही) बनाउने<br>- वेत बाँस (तामाङ बस्तीमा)<br>- माटोको भाँडा बनाउने<br>- तानले कपडाहरु बुन्ने सम्बन्धी (हाकु पटासी, कालो टोपी, बुट्टे कपडा) |
| २. प्राङ्गारिक खेतीको राम्रो सम्भावना | - ब्यावसायिक रुपमा खेती गर्न सकिने | - हिउँदे, बर्षे तरकारी, फलफूल र बेमौसमी तरकारी |
| ३. छरिएर रहेका पानीका स्रोतहरुको उपयोग गर्न सके कृषिको उत्पादन र उत्पादकत्व वृद्धि हुने । | - खानेपानी, सिंचाइ, घरायसी प्रयोग | - फूल बनाउने<br>- वर्षादको पानी जम्मा गर्ने<br>- वोरिङ गरेर पानी तान्ने<br>- पोखरी निर्माण गर्ने<br>- अलैची, चिया जस्ता विरुवाको क्षमता वृद्धि गर्ने खेतीपाती बढाउने ।<br>- फोहोरमैलाबाट प्रदुषित खोलानालाको संरक्षण गर्ने |
| ४. उर्वर भुमि रहेकोले कृषिको उत्पादकत्व उच्च रहेको | - तरकारी र खाद्यान्न बालीको ब्यवसयिक उत्पादन | - आलु |
| ५. पर्यटनको गन्तब्य स्थलको रुपमा रहेको । | - स्थानीय रोजगारी र पर्यटन ब्यवसाय प्रवर्द्धन | - नाचगान/सांस्कृतिक कार्यक्रम, कला, उपहार, हस्तकला, होटल, ब्यवसाय |
| ६. कुरिलो र च्याउको ब्यावसायिक खेतीको सम्भावना | - ब्यावसायिकरण गर्ने सम्भावना | - च्याउ खेती गर्ने तथा बढाउने<br>- कुरिलाको विकासले थप आयआर्जन हुने ।<br>- स्थानीय सिपको प्रयोग हुने । |
| ७. परिश्रमी र लगनशील जनता (नेवार किसानहरु तामाङ, गुरुङ र अन्य जनजाति) | - आर्थिक सामाजिक क्षेत्रमा पेशागत विकास गर्न सकिने । | - जनसहभागिता परिचालन<br>- पेशागत विशिष्टीकरण |
| ८. फूल लगाउने (Floriculture) संभावना | - मौसमी आयआर्जन र रोजगारी | - आयातित फूलहरुको क्रमशः विझापन हुने<br>- रोजगारी बढ्ने<br>- नगदे बालीको रुपमा विकास हुने |
| ८. चिया, सुठो, अम्रिसो र अलैची | - नगदे बालीको रुपमा विकास गर्न सकिने । | - आयआर्जन बढ्ने<br>- भू-क्षय रोकथाम हुने ।<br>- खाली जमिनको प्रयोग हुने । |

## ९.१.२ सामाजिक विकास

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| १. कला, संस्कृति, ऐतिहासिक र पुरातात्विक दृष्टिले राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा ख्याति | - आन्तरिक तथा वाहय पर्यटन विकास<br>- कला र संस्कृतिको संरक्षण र सम्बर्द्धन | - परम्परागत संस्कृतिले पर्यटकहरु आकर्षित हुने<br>- आय अभिवृद्धि हुने |
| २. पर्यटक ब्यवसायको लागि महत्वपूर्ण गन्तब्य स्थल | - ग्रामिण पर्यटन विकासमा प्रबर्द्धन हुने<br>- रोजगारीमा अभिवृद्धि गर्न सकिने | - जीवनस्तरमा सुधार गर्न सकिने<br>- आयमा अभिवृद्धि हुन सक्ने |
| ३. भौगोलिक सुगमता भएको | - पहुँचको दृष्टिले ज्यादै सुगम । | - योजना कार्यान्वयन सहज हुने ।<br>- कार्यक्रम अनुगमन तथा मूल्या[illegible]न र सुपरिवेक्षण गर्न सजिलो हुने । |
| ४. राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको सहभागितामा वृद्धि | - सेवा सुविधामा पहुँच<br>- सामाजिक जागरण | - सामाजिक परिचालनमा वृद्धि<br>- स्वास्थ्य स्थितिमा सुधार<br>- सहकारीतामा वृद्धि |
| ५. निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षाको सम्भावना | - सबैका लागि शिक्षा भन्ने नारा पुरा हुने | - साक्षरता दरमा बृद्धि<br>- सबैमा प्राथमिक शिक्षाको अवसर प्राप्त हुनु । |

## ९.१.३ भौतिक पूर्वाधार विकास

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| १. भौगोलिक विकटता नभएको | - विकास निर्माणको हरेक क्षेत्रमा काम गर्न सजिलो । | - सडक, टेलिफोन, विद्युत, खानेपानी जस्ता पूर्वाधारको विकास |

| | | |
|---|---|---|
| २. गा.वि.स.मा सडक, विद्युत, खानेपानी र टेलिफोन सेवा पुगेको | - विकासका सम्पूर्ण पूर्वाधारहरुको उपयोग गर्न सकिने । | - गा.वि.स. मा मोटर बाटो पुग्न सक्ने<br>- विद्युत टेलिफोन जस्ता सुविधा गा.वि.स. मा प्राप्त । |

९.१.४. संस्थागत विकास र स्रोत परिचालन

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| १. खानीको दिगो विकासको रणनीति अवलम्वन गर्न सके आन्तरिक स्रोत बृद्धि गर्न सकिने | - स्रोत परिचालन र अभिबृद्धि ।<br>- निर्माण व्यवसाय प्रवर्द्धन | - स्थानीय निकायको आयस्रोत बढ्ने<br>- स्थानीय रोजगारीमा अभिवृद्धि |
| २. स्रोत सेवा सुविधाको पहुँच भएको | - सेवा प्रवाहमा प्रभावकारीता | - जनताले राम्रो सेवा समयमा नै पाउने र प्रतिक्रिया लिई सेवाको प्रभावकारीता बढाउने । |
| ३. ऐतिहासिक कला, सस्कृति तथा पर्यटकीय स्थलको सम्पन्नता | - पर्यटन प्रबर्द्धन<br>- रोजगारीको सृजना | - कला सस्कृतिको संरक्षण र प्रबर्द्धन हुने<br>- स्रोत परिचालनमा बढोत्तरी दिने |
| ४. गा.वि.स.को शैक्षिक प्रबर्द्धनमा सुदृढ सस्थागत व्यवस्था । | - सक्षम मानव संसाधन विकासको तयारी तथा निर्माण | - रोजगारी सृजना<br>- स्थानीय छात्रवृत्ति<br>- भौतिक/सामाजिक पुर्वाधार |
| ५. क्षेत्रफल र भौगोलिक बनावटको कारणले नमुना गा.वि.स.को रुपमा विकास गर्न सकिने । | - नमुना गा.वि.स. बन्ने | - सामाजिक आर्थिक पुर्वाधारको विकास |

*स्रोत : आवधिक जिल्ला विकास योजना : भक्तपुर, २०५९/०६०-२०६३/६४*

# परिशिष्ट

# गा.वि.स. को सङ्गठनात्मक संरचना



## गा.वि.स. परिवार

| | |
|---|---|
| अध्यक्ष बद्रीप्रसाद सिंख्वाल | गा.वि.स. सचिव |
| सदस्य, कृष्णशरण राना | कृषि प्रतिनिधि |
| सदस्य, नन्दा राउत | स्वास्थ्य प्रतिनिधि |

## गा.वि.स. का कर्मचारीहरू

| | |
|---|---|
| बद्रीप्रसाद सिंख्वाल | सचिव |
| राजेन्द्र गणेश | प्राविधिक सहायक |
| राजाराम खत्री | पियन |